# रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम

# कार्यान्वयन कार्यविधि

# २०७५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**कृषि विभाग**

**बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र**

**श्रीमहल, ललितपुर**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

# रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५

स्वीकृत मितिः २०७५/०५/.......

**प्रस्तावनाः**

नेपालमा ३ लाख ५० हजार हेक्टर क्षेत्रफलमा कोदो, फापर, चिनो, कागुनो, उवा, जौ, लट्टे लगायतका रैथाने तथा सहायक बालीहरुकोखेति गरिन्छ । नेपालको मध्य तथा उच्च पहाडी क्षेत्रहरुमा खाद्य तथा पोषण सुरक्षा कायमका लागि यी बालीहरुले महत्वपूर्ण स्थान राख्दछन् । खाद्य सुरक्षाका अलावा बाली विविधकरण तथा जैविविधतामा यी बालीहरु महत्वपूर्ण मानिन्छन् । यद्यपी, नेपालमा कृषि विकासको हालसम्मको अवस्थामा आई पुग्दा कृषि विकासका प्रयासहरु रैथाने बालीहरुमा भन्दा पनि आयातित(Exotic) बालीका जातहरुमा केन्द्रित रहेको पाइन्छ । यसले गर्दा हाम्रो स्थानीय तथा रैथाने बालीहरुको अस्तित्व संकटमा पर्नुका साथै खाद्य सुरक्षा प्रत्याभूतिका लागि बाहिरबाट ल्याइएका बालीका जातहरुमा भर पर्नु परेको अवस्था छ । खाद्यान्न बालीमा आत्मनिर्भर हुने राष्ट्रिय अभियानलाई सफल पार्न देश भित्रै उपलब्ध हुने यिनै रैथाने तथा स्थानीय बालीहरुको प्रवर्द्धन एवम् व्यवसायिकरण गर्नु जरुरी छ । परम्पराकाल देखिनै नेपालमा लगाइदै आइएकारैथाने बालीहरुलाई बाली प्रणालीमा आवद्ध गरी उपयोगितामा बृद्धि गर्दै बजारीकरणको सुनिश्चितता गर्न सके कृषकको आम्दानी वढ्नुका साथै दैनिक उपभोगका लागि चामलमा मात्र भर पर्नु पर्ने अहिलेको अवस्थामा सुधार आई विदेशबाट आयात हुने चामलको परिमाणमा समेत कमी आउन जाने देखिन्छ । नेपाल सरकारको १४ औ योजनाको कृषि तर्फ कार्यनीतिको बुँदा नं ९ मा "खाद्यान्न उत्पादन न्यून हुने तथा खाद्यपोषण असुरक्षित क्षेत्रमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रर्वद्धन तथा उपयोगमा जोड दिई सुरक्षित खानपान र पौष्टिक तत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ" भन्ने उल्लेख भएको एवम् तत्कालीन कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट जारी भएको**कृषि, पशुपंक्षी भूमि व्यवस्था तथा सहकारी क्षेत्र रुपान्तरणको मार्गचित्र २०७५** को बुँदा नं १० मा "विगतमा अधिकांश मध्य पहाडी र उच्च पहाडी क्षेत्रको खाद्य तथा पोषण सुरक्षाको प्रमुख आधारको रुपमा रहेका तर हाल निकै कम खेती गरिने कोदो, जौ, उवा, फापर, चिनो, कागुनो, लट्टे आदि स्थानीय बालीहरुको प्रवर्द्धनका लागि आगामी वर्षदेखि 'रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ" भन्ने उल्लेख रहेकोले रैथाने बालीहरुको प्रवर्द्धन तथा संरक्षण नेपाल सरकारको प्राथमिकतामा समेत परेको देखिन्छ ।

यिनै विविध विषयवस्तुहरुलाई मध्यनजर गरी मध्य पहाडी तथा उच्च पहाडी जिल्लाहरुमा रैथाने बाली प्रवर्द्धन कार्यक्रम सुरु गर्नै लक्ष्य लिइएको छ । नेपाल कृषि अनुसन्धान परिषद्बाट रैथाने बालीहरुका केही जातहरुको विकास भएता पनि कृषकहरुको ती जातहरुको बीउमा पहुँच नभएको, बीउ उत्पादन कार्यक्रमहरु (समुदायमा आधारित बीउ उत्पादन कार्यक्रम, डिस्प्रो(DISSPRO), सामुदायिक बीउ बैंक आदि) मार्फत् यी बालीहरुको बीउ उत्पादन हुने नगरेको, रैथाने बालीका धेरै स्थानीय जातहरुमा जातीय सुधार भई सूचिकृत समेत नहुँदा यी बालीहरुको व्यवसायिकरणमा समस्या परेको साथै यी बालीहरुको उत्पादनमा विविधिकरण नहुनु, उपभोगमा कमजोर सचेतना तथा सुनिश्चित बजारको अभाव रहेको सन्दर्भमायी बालीहरुको प्रवर्द्धन गरी खाद्य सुरक्षा एवम् जैविक विविधता संरक्षणमा सहयोग पुर्याउन रैथाने बाली प्रवर्द्धन कार्यक्रमसन्चालन गर्नु आवश्यक देखिएको छ । यसैलाई

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

हृदयंगम गर्दै नेपाल सरकारले बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम अन्तरगत आ व २०७५/०७६ देखि रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम समेत स्वीकृत गरेको छ । चालू आ व २०७५/०७६ देखि संचालन हुने यस कार्यक्रमलाईव्यवस्थित रुपमा सन्चालन गर्नको लागि नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"कार्यक्रम"** भन्नाले रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम भन्ने सम्झनु पर्छ ।

(ख) **"रैथाने बाली"** भन्नाले परम्परागत रुपमा सदियौंदेखि कृषकले खेती एवम् संरक्षण गर्दै आइरहेका कृषि बालीहरु सम्झनु पर्दछ ।

(ग) **"स्थानीय तह"** भन्नाले कार्यक्रम कार्यान्वयन हुने स्थानको गाउँपालीका वा उप/महा/ नगरपालिका भन्ने सम्झनु पर्छ ।

(घ) **"केन्द्र"** भन्नाले कृषि विभाग अन्तर्गतको बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र भन्ने सम्झनु पर्छ।

(ङ) **"निर्देशनालय"** भन्नाले सम्बन्धित प्रदेश अन्तरगतको कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्छ ।

(च) **"डिस्प्रो (DISSPRO)"** भन्नाले जिल्लास्तरीय बीउ बिजन आत्म निर्भर कार्यक्रम भन्ने सम्झनु पर्छ ।

(च) **"परिषद्"** भन्नाले नेपाल कृषि अनुसन्धान परिषद् भन्ने सम्झनु पर्छ ।

(छ) **"अनुसन्धान केन्द्र"** भन्नाले नेपाल कृषि अनुसन्धान परिषद्अन्तरगतका अनुसन्धान केन्द्रहरु भन्ने सम्झनु पर्छ ।

(ज) **"श्रोत बीउ"** भन्नाले प्रचलित बीउ बिजन ऐन, नियमावली प्रमाणीकरण गरिएको वा यथार्थ संकेतपत्र लगाई बीज बृद्धि गर्नको लागि प्रयोग गरिने श्रोत वीउलाई सम्झनु पर्छ ।

(झ) **"उन्नत बीउ"** भन्नाले प्रचलित बीउ बिजन ऐन, नियमावली अनुसार यथार्थ संकेत पत्र लगाइएको बीउ भन्ने सम्झनु पर्छ ।

**३. कार्यक्रम संचालनको उद्धेश्य :** (१) यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्धेश्यहरु देहाय बमोजिम हुनेछन् -

(क) थाने बालीहरुको जातीय सुधार, प्रवर्द्धन तथा संरक्षण गर्नु,

सचिव

(ख) रैथाने बालीहरुको उन्नत खेती प्रविधि विस्तार मार्फत् उत्पादन र उत्पादकत्व बृद्धि गर्नु,

(ग) रैथाने बालीहरुको उत्पादन विविधिकरण तथा बजारीकरणमा सहयोग पुर्याई यी बालीहरुको व्यवसायिकरण मार्फत् कृषकको आयस्तरमा सुधार ल्याउनु,

(घ) स्थानीय रैथाने बालीहरुको घरखेती स्थलीय (on-farm) र परस्थानीय (ex-situ) संरक्षणमा सघाउ पुर्याउनु ।

## परिच्छेद २

## कार्यक्रम संचालन अवधारणा

**४. कार्यक्रमको अवधी र सम्भागहरुः** (१) रैथाने बाली प्रवर्द्धनका लागि उत्पादन पूर्व अवस्था देखि उपभोग सम्ममा पुग्दा पार हुने विभिन्न चरणहरु (उत्पादन सामग्री आपूर्ती, उत्पादन, प्रशोधन, बजारीकरण तथा उपभोग आदि) मा सहजिकरण गर्ने गरी पूर्ण मूल्य श्रृंखला अवधारणामा (Complete Value Chain Approach) आधारित रही कार्यक्रम संचालन गरिनेछ ।यसरी कार्यक्रम संचालन गरिने कार्यक्रम पहिलो चरणमा ३ वर्ष (आ.व. २०७५/०७६-२०७७/०७८) सम्म संचालन हुनेछ । कार्यक्रमबाट प्राप्त सिकाईका आधारमा अन्य जिल्लाहरुमा समेत चरणवद्ध रुपमा कार्यक्रम विस्तार गर्दै लगिनेछ ।

(२) यस कार्यक्रम देहायका ५ सम्भागहरु (Components) मा केन्द्रित रही संचालन गरिनेछ -

(क) सचेतनावृद्धि (Awareness Creation)

(ख) उत्पादन सामाग्री आपूर्ती तथा प्रविधि (Input supply and Technology)

(ग) उत्पादन विविधकरण (Product diversification)

(घ) बजारीकरण सहयोग(Marketingsupport)

(ङ) जैविक विविधता संरक्षण तथा अभिलेखीकरण (Conservation and documentation)

## परिच्छेद ३

## कार्यक्रम संचालन प्रक्रिया

**५. क्षेत्र छनौट :** (१) कार्यक्रम संचालनका लागि क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् -

(क) रैथाने बालीको खेती गरिने मध्य तथा उच्च पहाडी जिल्लाहरु,

(ख) रैथाने बाली खेती हुन सक्ने मध्य तथा उच्च पहाडी जिल्लाहरु र विशेष उत्पादन क्षेत्र रहेका अन्य जिल्लाहरु,

(ग) रैथाने बाली प्रवर्द्धनका लागि कार्य गरिरहेका अन्य संघ संस्थाहरुको कार्यक्षेत्र भएका स्थानहरु

(२) पहिलो चरणमा (आ.व. २०७५/०७६ देखि २०७७/०७८) यस कार्यक्रम अनुसूची १ मा उल्लेख भएका जिल्लाहरुमा संचालन गरिनेछ ।आगामी आ. व. देखि सम्भाव्यताका आधारमा अन्य जिल्लाहरुसमेत समावेश गर्न सकिनेछ ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**६. कार्यक्रम तर्जुमा र कार्यान्वयन :** (१) यस कार्यक्रमको तर्जुमा र कार्यान्वयन देहाय बमोजिम हुनेछ -

(क) यस कार्यक्रमको लागि आवश्यक बजेट बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रमा उपलब्ध हुनेछ ।

(ख) बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रले जिल्ला विशेष रैथाने बालीहरुको संभाव्यताको आधारमा कार्यक्रम तर्जूमा गरी स्वीकृतीको लागि पेश गर्नेछ ।

(ग) यस कार्यक्रमको कार्यान्वयन बाली विकास तथा जैविक विविधता केन्द्रबाट सम्बन्धित प्रदेश मातहतको कृषि ज्ञान केन्द्रसँगको समन्वयमा संचानल हुनेछ ।कार्यक्रम संचालन गर्दा नेपाल कृषि अनुसन्धान परिषद्, जिन बैंकसँग समन्वय र सहकार्य गरिनेछ ।

(घ) कार्यक्रम कार्यान्वयनका दौरान स्थानीय तहको कृषि शाखा, प्रदेश तहमा रहने कृषि विकास निर्देशनालय अन्तरगतको बाली विकास तथा माटो व्यवस्थापन शाखासँग समन्वयलाई सुनिश्चत गरिनेछ ।

**७. कार्यक्रमको संचालन :** (१) कार्यक्रम संचालनको गर्दा देहाय वमोजिमको प्रक्रिया अवलम्बन गरिने छ -

(क) यस कार्यक्रम अन्तरगत पहिलो चरणमा कोदो, फापर, उवा, कागुनो, चिनो, जौ, जुनेलो, लट्टे लगायतका रैथाने बालीहरुमा संरक्षण एवम् प्रवर्द्धनका कार्यहरु संचालन गरिनेछ ।

(ख) यस कार्यक्रम संचालनको लागि छनौट भएका जिल्लाहरुमा रैथाने बाली उत्पादन हुने क्षेत्रका सामुदायिक बीउ बैंक व्यवस्थापन समिति, कृषक समूह, कृषि सहकारी तथा यससँग सम्बन्धित उद्घमी, व्यवसायीहरु परिचालन गरिनेछ । यसका लागि छनौट सम्बन्धी प्रक्रिया तथा छनौटका आधारहरु कृषि ज्ञान केन्द्रसँग समन्वय गरी केन्द्रले तयार गरी कार्यान्वयन गर्नेछ ।

(ग) सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/कृषक समुह/कृषिसँग सम्बन्धित सहकारीहरु नभएको खण्डमा सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/कृषक समूह गठन गरी परिचालन गरिनेछ ।

(घ) पहिलो वर्ष कार्यक्रम संचालन हुने क्रियाकलापहरु सम्भव भएसम्म क्लष्टरमा कार्यक्रम संचालन गर्नेछ ।

(ङ) उन्नत जातमा कृषकहरुको पहुँचका लागि सहभागीतामूलक जातीय छनौट, बीउ उत्पादन कार्यक्रम आदि संचालन गरिनेछ । यसको लागि कृषि ज्ञान केन्द्रमा रहेको अध्ययन परीक्षण तथा तथ्यांक शाखालाई विशेष जिम्मेवार बनाइनेछ ।

(च) कृषकहरुले मन पराएका र क्षेत्र विस्तारको लागि सम्भावना भएका रैथाने जातहरुको समेत बीउ प्लट छनोट गरिनेछ र परिषद् मार्फत् यस्ता जातहरु दर्ता गरी राष्ट्रिय अभिलेखमा राख्नका लागि जातीय विवरण (Varietal descriptor) सहितको जात दर्ता गर्ने प्रस्ताव तयार भई राष्ट्रिय बीउ बिजन समितिमा पेश हुनेछ ।

(छ) कार्यक्रमका लाभग्राहीहरुलाई नेपाल कृषि अनुसन्धान परिषदको समन्वयमा रैथाने बाली सम्बन्धी तालिम प्रदान तथा रैथाने बालीका बीउ प्रसारण कीटहरु वितरण गरिनेछ ।

(ज) प्रकरण (च) बमोजिम जात दर्ता प्रक्रियाको लागि बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको समेत सहयोग रहनेछ ।

सचिव

(झ) दर्ता भएका रैथाने जातहरुको समेत योजनाबद्ध तवरले बीज बृद्धि गरी क्षेत्र विस्तार गरिनेछ ।

(ञ) कार्यक्रम संचालनका क्रममा अनुदानमा उपलब्ध गराइने सामग्री/औजार उपकरणको हकमा प्राविधिक स्पेशिफिकेसन तथा मूल्यांकन आधार तयार एवम् आपूर्तिकर्ता छनौट गर्न यस केन्द्रले एक समिती गठन गरी खरिद कार्य सम्पन्न गर्नेछ ।

<u>८. रैथाने बाली जैविक विविधता संरक्षण कार्यक्रम संचालन :</u> (१) जैविक विविधता संरक्षणको लागि रैथाने बालीका स्थानीय जातहरु संकलन तथा Passport Data तयार गरी नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको जीन बैंकलाई हस्तान्तरण गरिनेछ ।

<u>९. बीउको श्रोत :</u> (१) कार्यक्रम लागु हुने जिल्लाहरुको लागि नेपाल कृषि अनुसन्धान परिषद् तथा बीउ उत्पादक कृषक समूह/सहकारी तथा गैरसरकारी संस्थाहरु मार्फत् उपलब्ध गराइनेछ भने कृषकले मन पराइरहेका र सन्तोषजनक उत्पादकत्व भएका रैथाने बालीका स्थानीय जातहरुलाई समेत बीउको रुपमा प्रयोग गर्न सकिनेछ ।

(२) यी जातहरु राष्ट्रिय बीउ बिजन समितिमा पन्जीकरणहुने व्यवस्थाका लागि आवश्यक तयारी तथा पहल गरिनेछ ।

<u>१०. संचालन गरिने मुख्य मुख्य क्रियाकलापहरु :</u> (१) यस कार्यक्रम अन्तरगत संचालन गरिने मूख्य मूख्य क्रियाकलापहरु अनुसूची २ मा व्यवस्था गरिएको छ ।

(२) रैथाने बाली प्रवर्द्धनका लागि प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीलाई समेत क्रमश: अवलम्बन गर्दै लगिनेछ ।

<u>११. कार्यक्रमको प्रतिफल र उपलब्धी :</u> (१) यस कार्यक्रमको कार्यान्वयबाट हासिल हुने मूख्य प्रतिफल तथा उपलब्धीहरु देहाय बमोजिम हुनेछन् -

(क) रैथाने बालीले ढाकेको क्षेत्रफलमा कार्यक्रम संचालन हुने जिल्लाहरुमा कम्तीमा १० प्रतिशतले वृद्धि हुने,
(ख) रैथाने बालीको उत्पादकत्वमा कम्तीमा २० प्रतिशतले वृद्धि हुने,
(ग) रैथाने बालीको उत्पादन विविधिकरण भई उपभोगका लागि उपलब्ध हुने,
(घ) रैथाने बालीहरुको अद्यावधिक तथ्यांक राष्ट्रिय अभिलेखमा अभिलेखीकरण हुने,
(ङ) जीन बैंकमा संरक्षित कम्तिमा १०० किसिमका रैथाने बालीका जातहरु कृषकहरुको पहुँचमा पुर्याइनेछ,
(च) रैथाने बालीहरुको चुटानी कार्यमा थ्रेसिङ मेसिनको प्रवर्द्धन मार्फत् महिलाहरुको कार्यवोझमा कमि ल्याइनेछ

## परिच्छेद ४

## <u>कार्यक्रम अनुगमन तथा मूल्यांकन व्यवस्था</u>

<u>१२. कार्यक्रम अनुगमन तथा मूल्यांकन :</u> (१) यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्बन्धित स्थानीय तह, प्रदेश कृषि विकास निर्देशनालय, प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बाली विकास तथा कृषि जैविक विविधता संरक्षणा केन्द्र, कृषि विभाग र कृषि तथा पशुपंक्षी विकासमन्त्रालयबाट हुनेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अन्तर निकायहरु बीच समन्वय, सहकार्य एवम् प्राविधिक अनुमगन तथा निर्देशनका लागि देहाय बमोजिमको केन्द्रीय अनुगमन तथा समन्वय समिती गठन गरिनेछ -

१. उप-महानिर्देशक, प्रविधि तथा समन्वय महाशाखा, कृषि विभाग - संयोजक
२. प्रमुख, जिन बैंक, ने.कृ.अ.प., खुमलटार - सदस्य
३. निर्देशक, बाली तथा बागवानी, ने.कृ.अ.प. - सदस्य
४. प्रमुख, कृषि उत्पादकत्व व्यवस्थापन शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य
५. बरिष्ठ कृषि अर्थ विज्ञ, योजना, कार्यक्रम तथा समन्वय शाखा, कृषि विभाग - सदस्य
६. प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र -सदस्य सचिव

समितिले आवश्यकता अनुरुप सम्बन्धित विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । यस समितीको बैठक हरेक चौमासिक अवधिमा संचालन हुनेछ ।

(३) बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रले आवश्यकता अनुसार अनुगमन तथा मूल्यांकन सम्बन्धी ढाँचा तयार गरी कृषि विभाग र तालुक निकायमा प्रतिवेदन सम्प्रेषण गर्नेछ ।

## परिच्छेद ५

## विविध

**१३. प्रचलित कानून लागु हुने :** (१) प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

**१४. अन्तिम व्याख्या :** (१) यस कार्यविधिको व्याख्यामा द्धिविधा भएमा केन्द्रले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१५. अनुसूचीमा हेरफेर गर्न सक्ने :** (१) यस कार्यविधिमा संलग्न अनुसूचीहरु (आर्थिक बिषय बाहेक) मा हेरफेर कृषि विभागको आवश्यकता अनुसार गर्न सक्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची - १

### (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

### पहिलो चरणमा कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका जिल्लाहरु

| क.सं. | प्रदेश | जिल्ला | कैफियत |
|---|---|---|---|
| १ | कर्णाली प्रदेश | हुम्ला | |
| २ | गण्डकी प्रदेश | लमजुङ | |
| ३ | प्रदेश नं ७ | बाजुरा | |

## अनुसूची - २

### (दफा १० सँग सम्बन्धित)

### संचालन गरिने क्रियाकलापहरु

**१. सचेतनाअभिवृद्धि (Awareness Creation)**

(क) महिला स्वास्थय स्वयंसेवक तथा आई.पि.एम. सहजकर्ताहरुलाई खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी ३ दिने तालिम

(ख) स्थानीय तथा राष्ट्रिय स्तरका विद्युतीय तथा छापा संचार माध्यम मार्फत् प्रचार प्रसार गर्ने (एफ.एम. बाट जानकारी मूलक सन्देश, भिडियो वृत्तचित्र निर्माण तथा प्रशारण, होरिङग बोर्ड, पर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन, मेला महोत्सवमा पहर्सन, सडक नाटक आदि)

(ग) ख्याती प्राप्त कलाकार/राष्ट्रिय व्यक्तित्वसँगको सहयोगमा सूचना तथा सन्देश उत्पादन प्रशोधन र प्रसारण

(घ) कार्यक्रमबारे छलफल गर्न सरोकारवाल निकायहरु बीच अभिमूखीकरण गोष्ठी

**२. उत्पादन सामाग्री आपूर्ती तथा प्रविधि (Input supply and Technology)**

(क) रैथाने बाली उन्नत खेती प्रविधि बारे ३ दिने तालिम

(ख) तालिम म्यानुअल तयारी तथा प्रकाशन

(ग) ८५ प्रतिशत अनुदानमा रैथाने बालीका स्थानीय तथा उन्नत जातका बीउ वितरण

(घ) प्रदर्शन तथा जातीय छनौटका क्रियाकलाप संचालन

(ङ) ८५ प्रतिशत अनुदानमा थ्रेसिङ मेसिन उपलब्ध गराउने

(च) प्रविधि अनुसरणका लागि Cross learning Visit/Travelling Seminar संचालन गर्ने

(छ) Diversity Block स्थापना गर्ने

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

३. उत्पादन विविधिकरण (Product diversification)

(क) होटल व्यवसायी, होमस्टे संचालक, उद्यमी, सामुदायिक बीउ बैंकका सदस्य, कृषक समूह तथा सहकारीका
(ख) सदस्यहरुलाई उत्पादन विविधिकरण सम्बन्धी ३ दिने तालिम
(ग) तालिम लिने सहभागीलाई सम्झौता गरी औजार उपकरण तथा वस्तुगत सहयोग – शत प्रतिशत अनुदानमा
(घ) रैथाने बालीको प्याकेजिङ र लेवलिङगमा शत प्रतिशत अनुदान सहयोग
(ङ) उत्पादन विविधिकरणका लागि आवश्यक पर्ने ओभन लगायतका उपकरणमा ५० प्रतिशत अनुदान सहयोग
(च) पौष्टिक तत्व विश्लेषण (Nutrient Analysis)

४. बजारीकरण सहयोग (Marketing support)

(क) रैथाने बालीका उत्पादन विक्री कक्ष (Selling Center) निर्माणका लागि ८५ प्रतिशत अनुदान सहयोग
(ख) सिलिङ मेशिनमा ८५ प्रतिशत अनुदान सहयोग
(ग) देशको संघीय राजधानीमा रैथाने बालीका उत्पादनहरुको सहज आपूर्तिका लागि काठमाण्डौ जिल्लामा
(घ) आधिकारिक बिक्री केन्द्र निर्माण सहयोग
(ङ) खाद्य मेला, प्रांगारिक कृषि मेला लगायतका राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय स्तरका मेला महोत्सवमा सहभागी भई रैथाने बालीका उत्पादनहरुको बिक्री वितरणका लागि सहयोग कार्यक्रम

५. जैविक विविधता संरक्षण तथा अभिलेखीकरण (Conservation and documentation)

(क) रैथाने बालीको तथ्यांक संकलन तथा अद्यावधिक गरी प्रोफायल प्रकाशन (केन्द्र तथा जिल्लास्तरमा)
(ख) रैथाने बाली प्रवर्द्धन तथा अभिलेखिकरण राष्ट्रिय स्तरको गोष्ठी
(ग) रैथाने बाली जातीय दर्ता सहजीकरण
(घ) Image Bank स्थापना
(ङ) कृषकको परम्परागत ज्ञान (Indigenous knowledge) अभिलेखीकरण
(च) जातीय विवरण अभिलेखीकरण (Varietal Characterization ) र Passport Data संकलन
(छ) समस्या पहिचान तथा विश्लेषण, RED listing and RED Zoning

सचिव